# लोक सेवा आयोग

## सङ्घीय संसद सेवा, सामान्य प्रशासन समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/२/६

समय: ३ घण्टा पूर्णाङ्क: १००

पत्र: द्वितीय

विषय: सेवा सम्बन्धी

**<u>तलका प्रत्येक प्रश्नको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।</u>**

१. नेपालको संवैधानिक विकासक्रम २००४ सालको नेपाल सरकार, वैधानिक कानूनबाट सुरु भएको मानिन्छ। त्यसपछि २००७, २०१५, २०१९, २०४७ र २०६३ सालमा संविधान जारी भए, अन्ततः संविधान सभामार्फत् २०७२ सालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भई सङ्घीयता, समावेशिता र मौलिक हकको सुनिश्चितता गर्दै राज्यका तीन तहमा शक्तिको बाडफाँट गरियो। यसरी नेपालले आफ्नो संवैधानिक इतिहासमा सातवटा संविधानहरू तर्जुमा गरेको छ भने २००४ सालको वैधानिक कानून बाहेक अन्य संविधानको अभ्याससमेत गरेको छ। छोटो समयको अन्तरालमा पटक-पटक संविधान जारी भएका र पछिल्लो पटक संविधान सभामार्फत् जारी भएको संविधानप्रति पनि असन्तुष्टिका स्वरहरू सुनिएका छन्।

यस सन्दर्भमा विश्वमा संविधान निर्माण गर्ने पद्धतिहरूको संक्षेपमा उल्लेख गर्दै नेपालको संविधानले अङ्गिकार गरेका आधारभूत मान्यताहरूको विश्लेषण गर्नुहोस्। साथै संविधान सभाबाट निर्मित संविधानमा पनि असन्तुष्टिको गुन्जायस रहनुका कारणहरू पहिल्याई के गर्दा त्यस्ता असन्तुष्टीहरूलाई सम्बोधन गर्न सकिएला? आफ्नो मौलिक धारणा प्रस्तुत गर्नुहोस्। ४+४+७=१५

२. नेपालको संविधानको धारा १०७ र सङ्घीय संसद सचिवालय ऐन, २०६४ बमोजिम सङ्घीय संसदको काम कारवाही सञ्चालन तथा व्यवस्थापन गर्न सङ्घीय संसद सचिवालयको स्थापना गरिएको छ। सङ्घीय संसदको कार्यलाई सक्षम तथा प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक पर्ने आर्थिक, भौतिक, प्राविधिक तथा मानव संसाधनको उचित परिचालन तथा व्यवस्थापन गर्नु यस सचिवालयको मुख्य उद्देश्य हो। यो सचिवालय जति सक्षम, सुदृढ र सबल हुन्छ, त्यति नै संसदीय कामकारवाही पनि प्रभावकारी हुन्छन्। सचिवालय प्रभावकारी हुन वित्तीय र अन्य साधन स्रोत र भौतिक पूर्वाधारको पर्याप्तताका साथै कार्यरत जनशक्ति सक्षम, दक्ष एवम् उत्प्रेरित हुनुपर्दछ। सङ्घीय संसद सचिवालयलाई कानूनतः स्वायत्तता प्रदान गरिएको छ। यसको व्यवस्थापन तथा सञ्चालनका लागि प्रतिनिधि सभाका सभामुखको नेतृत्वमा एक समितिको व्यवस्था गरिएको छ।

यसरी पर्याप्त कानूनी तथा संस्थागत प्रबन्ध हुँदाहुँदै पनि सङ्घीय संसद सचिवालय व्यवस्थित एवम् प्रभावकारी रहेको पाइँदैन। गैर सरकारी विधेयकका रूपमा कुनै सांसदले विधेयक मस्यौदा गर्न चाहेमा विज्ञको सहयोग सचिवालयले दिन सकेको छैन। सचिवालयले सांसदलाई कुनै विषयमा गहन अध्ययन गरी समिति तथा सभामा प्रस्तुत हुनाका लागि आवश्यक सूचना तथा सन्दर्भ सामग्री उपलब्ध गराउन सकेको पनि देखिँदैन। साथै सङ्घीय संसद सेवामा कार्यरत कर्मचारी पनि सेवाप्रति उत्प्रेरित र जिम्मेवार भएको पाइँदैन। कर्मचारी समायोजन सम्बन्धी ऐनले गरेको व्यवस्थाका कारण सचिवालयका चालीस भन्दा बढी कर्मचारी अन्यत्र जानु, रा.प. द्वितीय श्रेणीको पदमा लोक सेवा आयोगबाट सिफारिस भएका व्यक्तिले समेत नियुक्ति नलिनु, विज्ञापन गरिएका कुनै पदमा उम्मेदवार नै नहुनु वा कम हुनु जस्ता घटनाले यस सेवाप्रतिको आकर्षणको अवस्था छर्लङ्ग हुन्छ।

प्रस्तुत सन्दर्भ र वस्तुस्थितिलाई सूक्ष्म विश्लेषण गर्दै यसमा देखिएमा समस्याहरू पहिचान गर्नुहोस्। साथै समस्याको समाधान गर्दै समग्ररूपमा सङ्घीय संसद सचिवालयलाई प्रभावकारी बनाउन अवलम्बन गर्नुपर्ने उपायहरू सुझाउनुहोस्। १०+१०=२०

३. नेपालमा कानून निर्माणको लागि विधेयकको मस्यौदा तयार गर्दा सङ्घ, प्रदेश र स्थानीय तहले सरोकारवालासँग छलफल नगरी कर्मचारी तहबाट काम चलाउने गरेको, सीमित विज्ञबाट गोप्य तवरले मस्यौदा तयार गर्न लगाउने गरेको र सदनमा हतारमा पेश गर्ने गरेको गुनासो बारम्बार सुनिन्छ। संसदमा पेश भएका विधेयकहरूमा पनि ७० प्रतिशत भन्दा बढी फेरबदल हुने गरेको, कुनै विधेयक त संसदीय समितिमा पुनर्लेखन नै गर्नु परेको स्थिति छ। पर्याप्त गृहकार्य नगरी पेश गर्ने प्रवृत्तिले गर्दा विधेयक पारित हुन धेरै समय लाग्ने, स्वार्थ समूहको चलखेल हुने र झन्झटीलो संसदीय प्रक्रियाका कारण निर्माण गर्नुपर्ने ऐनहरू समयमै निर्माण हुन सकेका

छैनन् । फलस्वरूप एक दशक बितिसक्दा पनि नागरिकले संवैधानिक हक अधिकारको उपयोग गर्न नपाएको स्थिति छ । एकातिर प्रतिनिधिसभा र राष्ट्रिय सभामा सहमति जुटाउनु पर्ने स्थिति छ भने, प्रदेश र स्थानीय तहमा दक्ष जनशक्तिको कमी हुँदा र पर्याप्त गृहकार्य नहुँदा धेरै कानून बाझिएका, दोहोरो परेका र विवादास्पद हुने गरेका छन् । विधायिकी प्रक्रिया व्यवस्थित नहुँदा सङ्घीय प्रणालीमा नै प्रश्न उठ्ने स्थिति छ ।

उपर्युक्त पृष्ठभूमिमा तपाईं संसद सेवामा उपसचिवको हैसियतले प्रवेश गरी विधेयक शाखा प्रमुखको जिम्मेवारी प्राप्त गर्नु भएमा कानून निर्माण प्रक्रियामा रहेका समस्याहरू पहिचान र विश्लेषण गर्दै के-कस्तो नीतिगत एवम् संस्थागत सुधारको प्रस्ताव गर्नुहुन्छ? सङ्घीय संसदले के-कस्तो सुधारका कार्ययोजना ल्याएमा प्रदेश र स्थानीय तहले विधि व्यवस्थापन प्रभावकारी बनाउन सक्लान्? सुझाव प्रस्तुत गर्नुहोस् । ५+५+१०=२०

४. नेपालको संविधानले प्रतिनिधि सभा र राष्ट्रिय सभासहितको द्विसदनात्मक सङ्घीय संसदको व्यवस्था गरेको छ । दुबै सदनले आ-आफ्ना सदनको र दुबै सदनको संयुक्त बैठकसम्बन्धी कार्य सञ्चालनका लागिसमेत नियमावलीहरू तर्जुमा गरी कार्यसञ्चालन गरिरहेका छन् । उल्लिखित नियमावलीहरू बमोजिम सङ्घीय संसदमा विभिन्न विषयगत, विशेष र संयुक्त समितिहरू गठन गर्न सकिने व्यवस्था छ । यी समितिहरूलाई संसदमा छलफलका लागि पेश भएका विधेयकहरूमाथि दफावार छलफल गरी प्रतिवेदनसहितको विधेयक सभामा पेश गर्ने, क्षेत्राधिकार प्राप्त मन्त्रालयहरूका काम कारवाहीको अध्ययन अनुगमन गरी आवश्यकताअनुसार राय, सुझाव र निर्देशन दिने तथा सो को प्रतिवेदन सभामा पेश गर्ने जस्ता जिम्मेवारी दिइएको देखिन्छ । संसदीय समितिहरूले तयार पारेका प्रतिवेदनहरूका सम्बन्धमा वैज्ञानिक तथ्याङ्क संकलन र विश्लेषणमा आधारित हुने नगरेको, विभिन्न समितिहरूले तयार पार्ने प्रतिवेदनको ढाँचामा पनि एकरूपता नभएको, सरकारलाई कार्यान्वयन गर्न अप्ठेरो पर्ने खालका सुझाव र निर्देशनहरू दिने गरेको भन्ने जस्ता गुनासाहरू बेलाबखत सुनिँदै आएको छ ।

उल्लिखित सन्दर्भ समेतलाई मनन गर्दै निम्न लिखित प्रश्नहरूको उत्तर दिनुहोस् । ६+९+५=२०

क) सङ्घीय संसदका समितिहरूले तयार पार्ने विभिन्न किसिमका संसदीय प्रतिवेदन (Parliamentary Committee Reports) का विषयमा उल्लेख गर्नुहोस् ।

ख) संसदीय समितिका प्रतवेदनहरूमा देखिएका कमी कमजोरीहरू केलाउँदै प्रमाण र तथ्यमा आधारित वस्तुनिष्ठ र वैज्ञानिक प्रतिवेदन लेखनका लागि सुझाव सहितको आफ्नो धारणा प्रस्तुत गर्नुहोस् ।

ग) औंल्याइएका सुझावहरू समुचित ढंगले कार्यान्वयन गर्न ठोस कार्यायोजना समेत प्रस्तुत गर्नुहोस् ।

५. कानून निर्माण गर्नु तथा सरकार (Executive) का कामकारवाहीहरूको अध्ययन-अनुगमन गरी आवश्यकतानुसार समुचित राय, सुझाव र निर्देशन दिनु संसदका प्रमुख कार्य हुन् । यस्ता कार्यलाई प्रमाणमा आधारित बनाउन तथा अध्ययन अनुसन्धानमुखी तुल्याउन संसद, संसदीय समितिहरू र सांसदहरूलाई अध्ययन अनुसन्धानमूलक सूचना (Research based information) को आवश्यकता पर्दछ । यस्तो सूचना र जनशक्ति उपलब्ध गराउने दायित्व सङ्घीय संसदका हकमा सङ्घीय संसद सचिवालयको हो । संसदीय कार्यका सिलसिलामा संसद र संसदीय समितिहरूले विभिन्न किसिमका प्रतिवेदन, विवरण पुस्तिका जस्ता प्रकाशनहरू तयार पार्नुपर्ने हुन्छ । विधेयकहरूको मस्यौदा तयार पार्ने, संशोधन मस्यौदा तयार गर्ने, प्रश्न र प्रस्तावको मस्यौदा ढाँचा तयार पारेर सांसदहरूलाई सहयोग पुऱ्याउने, विधेयकको वा निगरानी गरिने सरकारका विभिन्न क्षेत्रसँग सम्बन्धित सूचना संग्रहण र विश्लेषण गरी समिति, समितिका सभापति र सदस्यहरूलाई आवश्यकताअनुसार उपलब्ध गराउने जस्ता अध्ययन-अनुसन्धानमूलक कार्य गरी गुणस्तरीय कानून निर्माण र प्रभावकारी संसदीय निगरानीमा सहयोग पुऱ्याउनु सङ्घीय संसद सचिवालयको प्रमुख कार्यहरू मध्ये एक हो । सचिवालयले यस्तो अनुसन्धानमूलक भूमिका निर्वाह गर्न संरचनागत व्यवस्था पनि गरेको छ । प्रतिनिधि सभाको शून्य समयमा एकजना माननीय सदस्यले स्वास्थ्य सम्बन्धी मौलिकहकको पूर्ण कार्यान्वयनका लागि विधेयक तर्जुमा गर्न बारम्बार सचिवालयमा सहयोगका लागि अनुरोध गर्दा पनि सचिवालयले तत्सम्बन्धी विज्ञता नभएको भनी वास्ता नगरेको कुरा उठाउनु भएको थियो । साथै प्रतिनिधि सभाका सभामुख एवम् सङ्घीय संसदका महासचिवलाई जलवायु परिवर्तन जस्ता विश्वका जल्दाबल्दा मामिलाहरूमा अध्ययन गर्न सूचना सन्दर्भ सामग्रीहरूको उपलब्धताका लागि बारम्बार आग्रह गर्दा पनि उपलब्ध हुन नसकेको कुरा अर्को एकजना माननीय सदस्यले समितिको बैठकमा उठाउनु भएको थियो ।

प्रस्तुत सन्दर्भमा संसदीय कार्यको प्रभावकारिता कायम गर्न सचिवालयले पर्याप्त मात्रामा यस्तो अध्ययन-अनुसन्धानमूलक भूमिका खेल्न नसकेका कारणले प्रमाणमा आधारित गुणस्तरीय कानून निर्माण तथा वस्तुगत र वैज्ञानिक संसदीय निगरानी हुन सकिरहेको छैन भन्ने गुनासो व्याप्त छ।

उपर्युक्त पृष्ठभूमिमा देहायका प्रश्नहरूको उत्तर दिनुहोस्। ५+६+८+६=२५

क) कानून निर्माण कार्यलाई प्रमाणमा आधारित बनाउँदै गुणस्तरीय तुल्याउन तथा सूक्ष्म, विस्तृत र वस्तुगत अध्ययन अनुगमन गरी सरकारका काम कारवाहीको निगरानी गर्न संसद, संसदीय समिति र सांसदहरूको निमित्त अध्ययन-अनुसन्धानमूलक सूचनाको महत्त्वका विषयमा प्रकाश पार्नुहोस्।

ख) संसदीय कार्यका लागि सङ्घीय संसद सचिवालयले खेलेको अध्ययन-अनुसन्धानमूलक भूमिकाका विषयमा समीक्षा गर्नुहोस्।

ग) सचिवालयले अध्ययन-अनुसन्धानमूलक सूचना र जनशक्ति पर्याप्त मात्रामा उपलब्ध गराई प्रभावकारी भूमिका निभाउन नसकेका कारणले कानून निर्माण तथा संसदीय निगरानीको प्रभावकारितामा परेको नकारात्मक असरको विश्लेषण गर्दै सचिवालयको अध्ययन-अनुसन्धान क्षमता अभिवृद्धि गरी संसदीय कार्यको प्रभावकारिता बनाउन आफ्ना सुझाव प्रस्तुत गर्नुहोस्।

घ) ती सुझावहरूको समुचित कार्यान्वयनका लागि ठोस कार्ययोजना समेत प्रस्तुत गर्नुहोस्।

<<समाप्त>>